Received Date: Oct. 2025 Revised: Nov. 2025 Accepted: Dec. 2025

# नेपाल कम्युनिस्ट पार्टीको दरभङ्गा प्लेनम र परिणाम

**डा. ढाकाराम सापकोटा**

रत्न राज्यलक्ष्मी क्याम्पस, इतिहास विभाग

इमेल : dhakaramsapkota13@gmail.com

*Doi: https://doi.org/10.3126/hisan.v11i1.92770*

## सारसङ्क्षेप

*राणा शासनका विरुद्ध लड्ने र राजनीतिक परिवर्तन ल्याउने उद्देश्यका साथ दलहरूको गठन भएको थियो । नेकपाको गठन त्यसैमध्येको एक थियो । २००६ सालमा नेकपाको गठन भएपछि राष्ट्रिय र अन्तराष्ट्रिय दुवैतिरबाट निशासनमा परेको थियो । स्थापनाकालदेखि कम्युनिस्ट शक्तिलाई रोक्ने प्रयास गरिँदै आएकोमा २००८ सालमा पार्टीमाथि लागेको प्रतिबन्ध २०१३ सालमा आएर हट्यो । २००७ सालदेखि २०१५ सालसम्म विभिन्न खालका सरकार गठन/विघटन भए । राजनीतिक अस्थिरताका बिच संसदीय शासन प्रणाली लागू गर्ने गरी भएको निर्वाचनमा दुईतिहाइ ल्याएर नेकाले सरकार गठन गऱ्यो । सरकारले जुनशैलीमा शासन चलाउन थाल्यो त्यसबाट शान्तिसुरक्षा कायम हुन सकेन आमनागरिकमा निराशा बढाउन थाल्यो । तत्कालीन परिस्थितिको मुल्याङ्कन गर्दै निर्वाचित सरकारलाई अपदस्त र संसद विघटन गरी शासनसत्ता राजाले लिए । राजाबाट चालिएको कदमलाई हेर्ने कुरामा नेकपाभित्र एकमत रहन सकेन । त्यसैको निक्यौंल गर्ने उद्देश्यले दरभङ्गामा प्लेनम भयो । जुन प्लेनमपछि नेकपा विभाजित हुने अवस्था पुग्यो । द्वितीय स्रोतहरूलाई प्रयोग गर्दै ऐतिहासिक अध्ययन विधिका आधारमा विष्लेषण गर्दा दरभङ्गा प्लेनम कम्युनिस्ट पार्टी विभाजनको आधारभूमि बनेको निष्कर्ष रह्यो ।*

**शब्दकुञ्जी :** प्लेनम, बहस, गुठबन्दी, पुनर्स्थापना, संविधानसभा

## परिचय

कोतपर्वपछि नेपालमा राणाशासनको उदय भयो । जङ्गबहादुर राणाले हत्याएको विशेषाधिकारलाई उनी पछिका राणा प्रधानमन्त्रीहरूले पनि निरन्तरता दिए । देश राणाशासकको निरङ्कुश पद्धतिमा अगाडि बढि रहेको थियो यद्यपि सदाकाल त्यो अवस्था यथावत् कायम रहन सकेन । दुई ठुला विश्व युद्ध र ती युद्धहरूमा नेपाली सेनाको सहभागिता तथा विश्वराजनीतिमा देखिँदै गएको परिवर्तित अवस्थाका कारण नेपालमा राणाशासन विरोधी भावनाले बिस्तारै गति लिन थाल्यो । परिणामतः सामाजिक, सांस्कृतिक गतिविधिका अतिरिक्त प्रचण्ड गोर्खा, प्रजा परिषद्जस्ता राजनैतिक सङ्गठनहरू क्रमशः स्थापना हुँदै गए । बिसौं शताब्दीको मध्यसम्म आइपुग्दा एसिया र अफ्रिकामा आएको जागरणका कारण भारत, पाकिस्तान, बर्मा, इन्डोनेसिया, घानाजस्ता देशहरूको स्वतन्त्रताले नेपाललाई पनि झनै प्रभावित बनायो । विश्वमा आएको स्वतन्त्रता सम्बन्धी अवधारणालाई नेपालका राणा शासकहरूले नियन्त्रण गर्न खोजेर पनि सक्ने अवस्था भएन । राणाशासन विरुद्ध आन्दोलन गर्दै गर्दा लुकिछिपी भारत गएर बसेका नेपालीहरूले अहिंसात्मक साधनद्वारा जनताको सहयोगले जनउत्तरदायी सरकारको स्थापना गर्ने उद्देश्य राखेर २००३ माघ १२ गते 'नेपाली राष्ट्रिय काँग्रेस' (नेराका) नामको राजनीतिक सङ्गठन स्थापना गरे (गौतम, २०५५) । जुन कुराबाट राणाशासन विरुद्ध

रहेका नेपालीलाई ठुलो हौसला मिल्यो । तर उक्त पार्टीले आह्वान गरेको राणा शासन विरोधी आन्दोलनलाई बिचैमा रोक्ने मात्र होइन घटनाक्रमसँगै नेतृत्वको विषयलाई लिएर पार्टी नै विभाजित हुँदा एक पक्षको नेतृत्व वीपी कोइरालाले र अर्को डिल्लीरमण रेग्मीले गर्न थाले ।

ठुलो आशा र भरोसा गरेको पार्टीको त्यसखालका गतिविधिले युवाहरूलाई निराश बनाउँदै गयो । त्यसमा पनि डिल्लीरमण रेग्मीले नेतृत्व गरेको पार्टीमा सचिव भएर काम गरेका पुष्पलालले अझै बढी अनिश्चितता बढेको महसुस गरे (पुष्पलाल, २०५३ : १८) । कांग्रेसको विकल्प उही नामको अर्को पार्टी हुन नसक्ने निष्कर्षमा पुगेका पुष्पलाल त्यसको विकल्प शक्तिका रूपमा नेकपा हुने गरी पार्टी स्थापनाको तयारीतर्फ अगाडि बढेर अन्ततः स्थापना गर्नपुगे । विश्व राजनीतिमा कम्युनिस्ट पार्टीले झ्याली पिट्दै गरेको अवस्थामा नेकपाको स्थापनालाई लिएर अन्य शक्तिले रुचाइ रहेका थिएनन् । त्यसैको परिणाम स्वरुप प्रजातन्त्रको स्थापनापछि पनि नेकपामाथि प्रतिबन्ध लगाउने काम भयो । २०१५ सालमा भएको आमनिर्वाचनमा नेकपाले पाएको मत परिणामले उसलाई जनताका बिचमा पुग्न धेरै मेहनत गर्न आवश्यक छ भन्ने सन्देश समेत दिएको थियो । तथापि जेजति मत पाएको थियो त्यसलाई जनताका पक्षमा आवाज उठाउने साधन बनाउने कुरामा दृढ रहेका अवस्थामा २०१७ साल पौष १ गते भएको शाही कदमले त्यसमा पूर्णविराम लगाइ दियो । प्रस्तुत लेख नेपालमा कम्युनिस्ट पार्टीको स्थापनादेखि उसले सञ्चालन गरेका राजनीतिक गतिविधिहरू खोतल्दै २०१७ सालको शाही कदमप्रति पार्टीको दृष्टिकोण र त्यसले ल्याएको परिणामको विश्लेषण गर्नुलाई मुख्य उद्देश्य बनाइएको छ ।

## अध्ययन विधि र सामग्री

प्रस्तुत लेख गुणात्मक विधिमा आधारित रहेको छ । स्रोत सामग्री सङ्कलन गर्ने क्रममा पुस्तकालय विधिअर्न्तगत द्वितीय स्रोतलाई उपयोग गरिएको छ । लेख तयार पार्ने क्रममा वर्णनात्मक र विश्लेषणात्मक शैली अपनाइएको छ । लेख ऐतिहासिक विषयबस्तुसँग सम्बन्धित भएको हुँदा ऐतिहासिक अध्ययन विधिका आधारभूत पद्धतिमा अन्तर्निहित रहेको छ । प्राप्त स्रोतहरूलाई सत्यताको नजिक पुऱ्याउने प्रयत्न स्वरूप ट्रयाङ्गुलेसन गरी परीक्षण गरिएको छ । केही स्रोत सामग्रीहरू निजी सङ्कलनबाट पनि उपयोग गरिएको छ । स्रोत सामग्रीको साइटेसनका क्रममा एपिए सातौं संस्करणलाई पछ्याइएको छ ।

## नेपाल कम्युनिस्ट पार्टी(नेकपा) को स्थापना

एक शताब्दीभन्दा लामो समय राणाशासनको निरङ्कुता व्यहोरेका जनता उक्त शासनको अन्त्य चाहन्थे । त्यसका लागि विभिन्न चरणमा आन्दोलन भएका थिए तथापि तिनलाई निरङ्कुश शैलीमा दवाउने काम भयो । विश्वका धेरै देशहरूमा सामन्ती शासन व्यवस्थाका विरुद्ध भएका आन्दोलनहरूले सफता प्राप्त गर्दै गएको अवस्था थियो । जुन कुराले राणाशासनको अन्त्य गराउन उत्साहित युवाहरूले प्रजापरिषद, प्रचण्ड गोरखा, नेपाली राष्ट्रिय कांग्रेस, नेपाली प्रजातान्त्रिक कांग्रेस लगायतका राजनीतिक दल गठन गरेका थिए । सबैजसो नेपाली नागरिकहरूको साझा उद्देश्य राणाशासनको अन्त्य गर्नु रहेको हुँदा नेपाली राष्ट्रिय कांग्रेसप्रति वढी विश्वास गरेको अवस्था थियो । तर सोही पार्टीको नेतृत्वमा पहिलो पटक भएको सत्याग्रह आन्दोलनमा देखाएको सम्झौता परस्त नीतिबाट आन्दोलनमा सहभागि रहेका युवाहरूमा असन्तुष्टी बढ्न गयो । उनीहरू नेपालबाट सामन्ती, शोषण, दमन र साम्राज्यवादी हस्तक्षेपलाई पूर्णरूपले नष्ट गरी जनता नै राष्ट्रका मालिक हुने नयाँ सामाजिक व्यवस्थाको स्थापना गर्न चाहन्थे । राणा शासकसँग सम्झौता परस्त नीति लिएको नेपाली

राष्ट्रिय कांग्रेसबाट त्यस किसिमका कार्य हुन नसक्ने देखिएपछि असन्तुष्ट बन्दै गएका केही युवाहरू रुस तथा चीनमा भएका सफल क्रान्तिबाट प्रभावित भएर नेपाली राष्ट्रिय कांग्रेस परित्याग गर्ने निचोडमा पुगेपछि नेपालमा कम्युनिस्ट पार्टी गठनको आधार बन्यो (गुरुङ, सन् २०००) । सैद्धान्तिक एवम् नेतृत्वको विषयलाई लिएर नेपाली राष्ट्रिय कांग्रेस पार्टी विभाजित भयो । एउटा पक्षको वीपी कोइराला र अर्को पक्षको डिल्लीरमण रेग्मीले नेतृत्व लिए । रेग्मी र कोइराला दुवैले नेतृत्व गरेका दल, जो मध्यमवर्गको पातलो तहलाई मात्र प्रतिनिधित्व गर्दछन्, प्रतिक्रियावादी र असन्तुष्ट भएका ती राणाहरूपट्टि लागेका छन् जो स्वयम् सामन्ती प्रभु हुन् र जो पसिना चुहाउने जनतामा हुने शोषणलाई खतम गर्ने पक्षमा छैनन् ।...आन्दोलनले पनि जब क्रान्तिकारीरूप अपनाउन थाल्दछ, अनि यी कुरौटेहरू जनतालाई धोखा दिई लाज-शर्म सबै पचाएर आफ्नो आन्दोलन बन्द गर्दछन् भन्ने पुष्पलालको बुझाई रहेको थियो (भुसाल, २०७३) । त्यसपछि नै नेकपा गठन गर्ने कुरामा दृढ भएर लाग्न थाले ।

सन् १९४९ अप्रिल २२ मा लेनीनको जन्म दिन पारी कलकत्ताको श्यामवजारमा पुष्पलाल, निरञ्जन गोविन्द बैद्य, नारायण विलाश जोशी, नरबहादुर कर्मचार्य र दुर्गादेवी (मोतिदेवी) भई गोप्य ढङ्गले नेकपाको स्थापना गरेका थिए । त्यस बखत ५ सदस्यीय एउटा सङ्गठन समिति गठन गरिएको थियो । त्यो सङ्गठन समितिले पुष्पलाललाई पार्टीको महामन्त्री पदमा चयन गर्नुका साथै उनलाई केन्द्रीयरूपमा सङ्गठन गर्ने जिम्मेवारी दिएको थियो (गुरुङ, सन् २०००) । नेकपा गठन भएको ४ महिनापछि अर्थात् सोही वर्षको सेप्टेम्वर १५ का दिन औपचारिक रूपमा नेकपाको घोषणापत्र जारी भयो र पार्टीको केन्द्रीय संगठन पूनर्गठन गरियो । २००८ सालमा पार्टीको प्रथम सम्मेलन भयो । त्यसलगतै संस्थापक महासचिवलाई हटाएर मनमोहन अधिकारीलाई नेतृत्वमा ल्याउने काम भयो । २०१० सालमा भएको प्रथम महाधिवेशनबाट मनमोहन अधिकारी निवर्चचित भएका थिए भने २०१४ सालमा भएको द्वितीय महाधिवेशनबाट केशरजङ्ग महासचिवमा छानिए । विचारणीय कुरा के थियो भने महाधिवेशनबाट पार्टीको नीति तथा कार्यक्रम पुष्पलालको पास भएको थियो । यसरी हेर्दा नीति र कार्यक्रम एउटाको पास भयो भने नेतृत्व अर्कोको हातमा पुग्यो । जसको परिणाम दरभङ्गा प्लेनमा प्रस्फुटन हुनपुग्यो ।

## राजनीतिक अस्थिरताका ८ वर्ष

राजनीतिक दलहरू राणाशासन विरुद्ध आन्दोलन चलाई रहेका थिए भने शासकहरू दवाउन सक्रिय थिए । राणा शासनका विरुद्ध निर्णायक आन्दोलन गर्न आवश्यक देखेर नेकाले बैरगनीय सम्मेलनबाट शसस्त्र आन्दोलनलाई अघि वढाउने निर्याय गऱ्यो (गौतम, २०५५) । वैरगनिया सम्मेलनपछि नेका शसस्त्र विद्रोहका साथ आन्दोलनमा उत्रियो । राजा त्रिभुवन २००७ साल कार्तिक २१ गते गद्दी त्याग्दै भारतमा शरण लिन पुगे जसले आन्दोलनकारीलाई हौसला वढाउने काम गऱ्यो । वदलिँदो परिस्थितिलाई आफु अनुकुल बनाउन राणा शासकले अनेक प्रयास गरेका भए पनि सफल हुन सकेनन् । आन्दोलन निष्कर्षतिर उन्मुख हुँदै गर्दा भारत मध्यस्थकर्ताका रूपमा उभिन पुग्यो । फलतः दिल्लीमा राजा, राणा र नेका बिच सम्झौतापछि भएपछि आन्दोलन रोकियो । मोहन शमशेरको नेतृत्वमा नेकासहितको संयुक्त सरकार बन्ने निश्चित भएपछि राजा त्रिभुवन स्वदेश फर्किए । प्रजातन्त्रको अभ्युदयसँगै २००७ साल फागुन ७ गते राजा त्रिभुवनबाट शाही घोषणा भयो । जहाँ विधानसभाको निर्वाचन गर्ने कुरा भएको थियो । तर राजनीतिक दलहरूबिच आपसी फुट र सङ्घर्षले नै एकातिर राजाले समय समयमा राजनीतिमा हस्तक्षेप गर्न आवश्यक भयो भने अर्कोतिर दुई वर्षमा हुनुपर्ने विधानसभाको चुनाव चारवर्ष बितिसक्दा पनि सम्भव हुन सकेन (मानन्धर र शर्मा, २०५३) ।

राजा त्रिभुवनको ४ वर्षे शासनकाल अन्यौल नै अन्यौलमा बित्यो । राजा त्रिभुवनको देहावसानपछि घटनाले अर्कै मोड लियो । नयाँ राजा महेन्द्रले संविधानसभाको निर्वाचनलाई सकभर टार्दै गए । फलतः विभिन्न व्यक्तिलाई टिप्दै सरकारको नेतृत्वमा पुऱ्याउने र उनीहरू मार्फत् नै निर्वाचनका विषयमा विवादित कुरा ल्याउनमा प्रोत्साहित गरे । कतिपय अवस्थामा राजा स्वयम्ले शासन गरे । जुन कुराले अस्थिरतामाथि अस्थिरता थप्दै गयो । विधानसभाको निर्वाचन गर्ने कुराबाट राजा क्रमशः पछाडि हट्दै गए । राजाको चहाना बुझेका व्यक्तिहरू उनलाई खुशी बनाएर पद खानतिर सक्रिय हुँदै गए । राजाले चुनावका कुरा गरिरहे तर चुनाव के का लागि भन्ने प्रष्ट थिएन भने अर्कोतर्फ चुनाव नगराउने शैलीमा गतिविधि अगाडि बढाउँदै गएका थिए । जुनशैलीप्रति नेकपा लगायतका राजनीतिक दलहरूले असन्तुष्टी जनाइरहेका थिए ।

देशभित्र राजनैतिक स्थायित्व राजसंस्थाले मात्र प्रदान गर्न सक्ने कुरामा दृढ रहेका राजा महेन्द्र राजनीतिक निकासका लागि तल्लीन थिए । त्यसका लागि विधानसभाको नभई संसद्को चुनावका लागि आवश्यक वातावरण बनाउनतिर सक्रिय रहे । विधानसभाको निर्वाचन गर्ने भन्ने कुरालाई छायाँमा पार्दै गएका राजालाई सम्झाउन सबै राजनीतिक पार्टीहरूले न्यूनतम कार्यक्रमको आधारमा एउटै मञ्चबाट प्रजातन्त्रको सुदृढीकरणका लागि दबाब दिनु पर्नेमा दलहरू आपसमै सत्तास्वार्थका लागि लड्दै थिए । कम्युनिस्ट पार्टी सबै प्रजातान्त्रिक शक्तिहरू एक भएर पुनरुत्थानवादीका विरुद्ध लड्ने पक्षमा रहे तापनि अन्य पार्टीहरू नेकपासँग कार्यगत एकता गर्न सहमत थिएनन् । चुनाव हुनुपर्छ भन्ने कुरामा सबै पार्टीहरू सहमत थिए तर चुनाव संसद्को या विधानसभाको भन्नेमा भने मतमतान्तर तीव्र हुँदै गएको थियो । त्यति बेला नेपाली काँग्रेस पनि एउटा निष्कर्षमा पुग्न सकिरहेको थिएन (रायमाझी, २०५९) । हुन पनि स्पष्ट दिशानिर्देश गर्न नसकिरहेका दलहरू राजाबाट आउने हरेक कदमका बारेमा प्रतिक्रिया जनाउन सक्रिय थिए ।

नेकपाले बेलाबेला बिधानसभाको चुनाव हुनुपर्ने मागलाई सहतमा ल्याउने काम गरिरहेको थियो । राजालाई निर्वाचन गराउन दवाव दिने उद्देश्यले २०१४ साउनमा नेपाली कांग्रेस, नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजापरिषद मिलेर प्रजातान्त्रिक मोर्चा' गठन गरेका थिए । मोर्चामार्फत आन्दोलनका कार्यक्रम घोषणा गर्दै थिए । उपर्युक्त परिस्थिति बिच राजाले राजदरबारमा २०१४ मङ्सीर २१ मा राजनैतिक सम्मेलनको आह्वान गरे । सम्मेलनमा नेकपालाई सहभागी गराइएको थिएन । नेकपा बाहेकका १२ पार्टी सहभागि उक्त सम्मेलनले कुनै ठोस निकास दिन सकेन । प्रजातान्त्रिक मोर्चा २०१४ मंसीर २२ देखि नै भद्र अभज्ञा नामको सत्याग्रह आन्दोलनमा उत्रियो (देवकोटा, २०५८) । राजनैतिक सम्मेलन गर्दा होस् वा प्रजातान्त्रिक मोर्चा बनाउदा नेकपालाई कुनै स्थान दिइएको थिएन । तर पनि कतिपय एजेन्डा मिलेका भन्दै भद्र अभज्ञा आन्दोलनमा संलग्न भयो । राजनीतिक दलहरू आन्दोलनमा उत्रिएपछि बाध्य भएर राजाले २०१५ फागुन ७ बाट चुनाव प्रारम्भ हुनेछ भन्ने घोषणा गरे । उक्त घोषणापछि निर्वाचन सम्वन्धी सवालहरूको कदर गर्दै बाँकी सवालहरू आपसी छलफलबाट हल गर्न सकिन्छ भन्दै नेकपा सत्याग्रह आन्दोलनबाट अलग भयो (देवकोटा, २०५८) । तर चुनाव बिधानसभाको लागि हुने हो कि संसदको लागि ? भन्ने प्रश्न स्पष्ट नभएको भन्दै पार्टीहरूले प्रश्न उठाएपछि २०१४ माघ १९ मा अर्को घोषणा गरी चुनाव संसदकै हुने हो र एक संविधान मस्यौदा कमिशनद्वारा तयार पारी चुनावभन्दा अगावै नयाँ संबिधान लागु हुनेछ भन्नेसमेत प्रष्ट पारे (देवकोटा, २०५८) । लामो समयदेखि अन्यौलको विषय बनाईको निर्वाचन एउटा टुङ्गोमा पुग्यो ।

## निर्वाचननको घोषणाप्रति नेकपाको धारणा

नेकपा २००७ सालको शाही घोषणा र अन्तरिम शासन विधानमा उल्लेख भएको विधानसभाको निर्वाचनको पक्षमा अडिग रहँदै आएको थियो । २०१४ जेठ १५-२५ सम्म भएको पार्टीको द्वितीय महाधिवेशनले "संविधानसभाको चुनावका निम्ति एक्लै भए तापनि पार्टीले संघर्ष गर्नुपर्दछ" भन्ने निर्णय गऱ्यो (पुष्पलाल, २०५३) । तत्कालीन समयमा राष्ट्रिय राजनीतिलाई गहिरो गरी प्रभाव पार्ने अवस्थामा नेकपा थिएन । चुनावमा भाग लिने वा नलिने भन्ने विषयमा विवाद उत्पन्न भयो । नेकपाले संसद्का लागि हुने चुनावमा भाग लिएमा २००७ सालदेखिको अडान छाड्नु पर्ने र भाग नलिएमा चुनावको सामना गर्न नचाहेको आरोप लाग्ने तथा बहिष्कारको नीतिले आफै बहिष्कृत हुन सक्ने खतरामा पुग्यो (अधिकारी, २०७१) । वि.सं.२०१५ सालको माघ महिनामा बसेको नेकपाको उत्तरगण्डक प्रान्तीय समितिको बैठकले संविधानसभाको निम्ति आन्दोलन चलाउने प्रस्ताव पारित गऱ्यो । तर केन्द्रीय समितिको बहुमतले उक्त प्रस्तावलाई अस्वीकार गरी राजाद्वारा दिइने संविधान प्रजातान्त्रिक हुनुपर्छ भन्ने नारालाई अगाडि बढाउने निर्णय गऱ्यो । २०१५ साल जेठ २१-२४ सम्म रौतहटमा बसेको नेकपाको द्वितीय प्लेनमले आमनिर्वाचनमा भाग लिने निर्णय गऱ्यो (के.सी., २०६५) । जनकपुरमा बसेको केन्द्रीय समिति बैठकले संसदीय प्रणालीद्वारा पनि देशमा सुसङ्गठित प्रजातान्त्रिक प्रणालीको जग बसाल्न सकिने कुरालाई स्वीकार गऱ्यो । यद्यपि निर्वाचनमा भाग लिने की नलिने भन्ने बारेमा लामै वहस र छलफलमा अल्झिएको हुँदा निर्वाचनप्रति सुरुदेखि नै ध्यान पुग्न सकेको थिएन ।

निर्वाचन हुनुअघि संविधान पनि राजा स्वयम्ले जारी गर्ने कुरा भएको थियो । जनता आफ्नो अधिकारका लागि सजग नभएका र राजनीतिक दलहरू साझा सवालमा समेत मतैक्य हुन नसकेकाले आवश्यक दबाब सृजना हुन सकिरहेको थिएन । त्यसैले संविधानमा देखापर्ने त्रुटिहरूलाई भविष्यमा संसद्कै माध्यमद्वारा पनि सुधारको माग गर्न सकिने महसुस गरी विधानसभाको पक्षमा भएका पार्टीहरू पनि बिस्तारै संसद्को चुनावमा भाग लिने मनस्थितिमा पुग्दै गएका थिए । लामो समय निर्वाचनमा भाग लिन/नलिने भनि द्विविधामा रहेको नेकपा पार्टीभित्रका मतमतान्तरलाई थाती राख्दै निर्वाचनमा भाग लिने टुङ्गो पुग्यो ।

निर्वाचन प्रयोजनार्थ देशलाई कुल १०९ निर्वाचन क्षेत्रमा विभाजन गरिएको थियो । राजनीतिक दलहरूले ती सबै क्षेत्रमा उम्मेदवार उठाउन सक्दथे । निर्वाचन आयोगले कमसेकम २२ निर्वाचन क्षेत्रहरूबाट निर्वाचन लड्ने राजनीतिक दलका निमित्त छुट्टै चुनाव चिन्ह दिने निर्णय गरेको थियो । सोही निर्णय बमोजिम घटीमा २२ निर्वाचन क्षेत्रबाट उम्मेदवार उठाउने भनी सूचना दिने राजनीतिक दलहरूलाई चुनाव चिन्ह दिएको थियो । ४७ निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएको नेकपाले मकैको तीनघोगा र हँसिया चुनाव चिन्ह पाएको थियो (देवकोटा, २०५८) । नेकपा सिद्धान्त र मान्यताप्रति प्रतिबद्ध थिए । ठुलठुला किसान आन्दोलन चलाएको थियो तर साङ्गठनिक दृष्टिले कमजोर थियो । तत्कालीन अवस्थामा रहेका पोलिटव्युरो सदस्यमध्ये महासचिव केशरजंग रायमाझी, पूर्वमहासचिव पुष्पलाल, कमर शाह, कृष्णराज वर्मा र तुल्सीलाल अमात्यले उम्मेदवारी दिएका थिए । यी वाहेक पार्टीका विभिन्न तहमा रहेका नेता र कार्यकर्ता थिए तथापि पार्टीले आधा स्थानमा पनि उम्मेदवार उठाउन सकेन ।

## निर्वाचन र परिणाम

२०१५ साल फागुन ७ बाट सुरु भएको आमनिर्वाचन २०१६ बैशाख २१ मा सम्पन्न भयो । जसमा प्रतिनिधिसभाका १०९ स्थान मध्ये, ७४ स्थानमा विजय हासिल गरी नेपाली कांग्रेस संसदमा दुईतिहाइ बहुमत

प्राप्त पहिलो दल बन्यो । नेपाल राष्ट्रवादी गोरखा परिषद १९ स्थान दोस्रो र संयुक्त प्रजातन्त्र पार्टी ५ स्थान प्राप्त गरी तेस्रो ठूलो दल भयो ।

नेकपाले कुल १०९ निर्वाचन क्षेत्रमध्ये ४७ स्थानमा उम्मेदवारी दिएकोमा ४ जना विजयी भएर संसदमा चौथो ठुलो दल बन्यो । जुन प्रतिनिधिसभाका सदस्यको हिसावले ३.६६ प्रतिशत हुन आउथ्यो । निर्वाचनमा १० जना दोस्रो स्थानमा आउन सके भने ३३ जनाको जमानत जफत भयो । उसले कुल खसेको मतको ७.२० प्रतिशत मत प्राप्त गऱ्यो (देवकोटा, २०५८) । पोलिटव्युरोका पाँच जना सदस्यले निर्वाचन लडेका थिए तीमध्ये निर्वाचीत हुनेमा तुल्सीलाल अमात्य एक्लो थिए । शैक्षिक हिसावले उनी अर्थशास्त्रमा एमए गरेका थिए । निर्वाचित कमलराज रेग्मी सल्लाहकार सभाका सदस्य थिए । शेख फर्मान र हरदयाल महत्तो पार्टीका कार्यकर्ता थिए (नेपाल, २०८१) । नेकपाको स्थापना नेकाको विकल्प शक्तिका रूपमा स्थापित हुने लक्ष्यका साथ भएको भए तापनि आमनिर्वाचनमा न्युनसङ्ख्यामा उम्मेदवार उठाउन पुग्यो । उठाइएका उम्मेदवार मध्ये पनि थोरै मात्र विजयी भएको हुँदा परिणामलाई नेकपाले सन्तोषजन मान्न सकेन । उसले परिणामलाई प्रजातन्त्रको सुदृढीकरणका नीम्ति प्रतिकुल रहेको ठहर गऱ्यो । २०१६ असार ९-१३ मा जनकपुरमा बसेको केन्द्रीय समितिको विस्तारित बैठकले निर्वाचनमा अन्य पार्टीहरूप्रति उपयुक्त नीति अपनाउन, नेकाको चरित्रबारे जनतालाई राम्ररी जानकारी गराउन र पार्टीभित्रको अनुशासन कायम गर्न तथा अर्थको राम्रो व्यवस्था गर्न नसकेबाट निर्वाचनमा राम्रो सफलता प्राप्त गर्न नसकिएको ठहर गरेको थियो ।

## सरकार गठनपछिको राजनीतिक अवस्था

निर्वाचनबाट प्राप्त परिणाम अनुसार नेका संसदीय दलका नेता वीपी कोइरालाको नेतृत्वमा वि.सं.२०१६ असार १६ गते पहिलो जननिर्वाचित सरकार गठन भयो । जननिर्वाचित सरकारको गठनपछि लामो समयको अस्थिर राजनीति तत्कालका लागि अन्त्य भयो । सरकार गठनपछि आमनागरिकमा खुशी छाएको अवस्था थियो । जनता जननिर्वाचित सरकारबाट आउने सुखद परिणामको प्रतिरक्षामा रहेका थिए । प्रजातान्त्रिक व्यवस्थाको मूलमर्म भनेको बहुमत पक्षलाई सरकार र अल्पमत पक्ष संसदमा प्रमुख प्रतिपक्ष दल हुने व्यवस्था हो । यही व्यवस्थालाई दृष्टिगत गर्दा संसदमा नेपाल राष्ट्रवादी गोरखा परिषद दोस्रो ठुलो पार्टी भएको हुँदा प्रमुख विपक्ष रहेको थियो । यद्यपि संसदमा दुई तिहाई प्राप्त गरेको हुँदा सरकारले प्रतिपक्षलाई कुनै स्थान दिन आवश्यक ठानेको थिएन । यतिसम्मकी २०१६ श्रावण ९ गते राजाले पहिलो निर्वाचित संसदको दुवै सदनको संयुक्त वैठकलाई सम्वोधन गरेर संसदीय अभ्यासको सुरुवात गरेका थिए । त्यसबेला संसदको दोस्रो ठुलो दललाई विपक्षी दलको मान्यतासम्म दिइएको थिएन (गौतम, २०७५) । त्यस बाहेका नेकपालगायत अन्य दलहरूको कुनै अस्तित्व छ भन्नेसम्म पनि व्यवहार भएको थिएन । संसदमा पहिलो बैठक प्रतिपक्ष विना नै चलाइएको थियो । प्रतिपक्ष विनाको सरकार आफ्नै मैनमैजुमा कामलाई अभि बढाएको थियो । सरकारका कामकारवाही देशको कानुन नीतिनियम भन्दा पनि दलीय शैलीमा गरिएको थियो । त्यसैको परिणाम देशका विभिन्न क्षेत्रमा लुटपाटका घटना घट्नेक्रम वढेर गयो । साहु र आसामीको कुरालाई लिएर पश्चिम १ नं.नुवाकोटको घटना, दाङ्मा भएको जमिन्दार र किसानको झगडा, वझाङ् काण्ड, मुस्ताङ काण्ड यसका उदाहरण थिए ।

ठाउँ ठाउँमा भएका झडपपछि कति नागरिकको ज्यान गयो । तर सरकारलाई ती घटनाले कुनै हिनतावोध गराएन् वरु तेरा घरमा कांग्रेस पसोस् भन्ने शैलीमा गतिविधि हुँदै गए । त्यसैगरी गण्डक सम्झौता लगायतका विषयमा नेकपाले त्यस्ता घटनाको छानविनको माग गर्दै आवाज उठायो । ठाउँठाउँमा आमसभा र

प्रदर्शन गऱ्यो । नेकपाले गरेका राजनीतिक विरोधका कार्यक्रमहरू रचनात्मक थिए (गौतम, २०७५) । हुन पनि प्रजातन्त्र रक्षा गर्न संसदभित्र वामशक्तिको विशेष भूमिका रहनु आवश्यक छ भन्ने महत्त्वपूर्ण नारा नेकपाले निर्वाचनताका नै भन्दै आएको थियो (नेपाल, २०८१ : ५७) । यद्यपि नेकपाले उठाएका आवाजलाई नसुनेझैं गरी सरकारले गतिविधि अगाडि बढाउँदै गएकै अवस्थामा दोस्रोपटक २०१६ चैत्र १८ गतेबाट सुरु भएको संसदको दोस्रो अधिवेशनका क्रममा तिनै कुरा उठाउँदा नेकपाका सांसद तुलसीलाल अमात्य, शम्भुराम श्रेष्ठलाई गिरफ्तार गर्ने काम गऱ्यो (गौतम, २०७५) । सरकारले विपक्षी दलहरूप्रति देखाउनु पर्ने साधारण राजनीतिक संस्कारसमेत देखाउन सकेको थिएन । फलतः सरकारको त्यही रवैयाका कारण विपक्षमा रहेका राजनीतिक दलहरू सरकारप्रति सकारात्मक दृष्टि राख्न सकिरहेका थिएनन् ।

नेपालमा राजाले संविधान निर्माण गरी जनतालाई दिएको अवस्था थियो । २००७ सालको क्रान्तिमा राजाको पनि भूमिका रहनु, राजाको नेतृत्व सबै राजनीतिक दलहरूलाई स्वीकार्य हुनु र दलगत राजनीतिभन्दा अलग रहेकोमा राजाको पनि संसदीय व्यवस्थाको विकासमा प्रभावकारी भूमिका हुनुपर्ने आवश्यकता महसुस गरी संविधानमा राजालाई अधिकार दिइएको थियो (मानन्धर र शर्मा, २०५३) । सरकार निश्चित व्यक्ति र पार्टीबाट घेरिँदै जाँदा जनतालाई उपेक्षामा पारिएको थियो । निर्वाचित सरकारका विरुद्ध ठाउँ ठाउँमा विद्रोहका आवाजहरू मुखरीत हुँदै गएका थिए । कति ठाउँमा नागरिकको ज्यानसमेत गयो । यो सबै परिस्थितिले राजालाई कुनै न कुनै किसिमको कदम चाल्न बाध्य बनाउँदै लग्यो । परिस्थितिको गाम्भीर्यतालाई महसुश गर्दै २०१७ पौष १ गते राजाले निर्वाचित सरकार अपदस्त गरेको केही दिनपछि संसद विघटन गर्दै शासनसत्ता हातमा लिए ।

## शाही कदमप्रति नेकपाको धारणा

वि.सं.२०१५ सालको संविधान राजाको चाहनामा बनेको थियो । संसदीय निर्वाचन तत्कालीन आवश्यकतामा रहेर गरिएको थियो । यद्यपि निर्वाचनपरिणाम राजाले सोचेभन्दा फरक आएको थियो । जेभए पनि निर्वाचित सरकारलाई काम गर्ने मैदान राजाले खुला गरी दिएका थिए तर सरकारले शान्ति सुरक्षा कायम राख्न नसकेको मात्र होइन अलोकप्रिय कामहरू गर्दै जानथाल्यो । सरकारलाई त्यसैगरी अघि बढ्न दिँदा परिस्थिति काबुबाहिर जाने आँकलन गर्दै राजा महेन्द्रले २०१७ साल पौष १ गते मन्त्रीमण्डलमाथि जनतान्त्रिक सिद्धान्तको आडमा दलगत स्वार्थ पूरा गरेको, देशमा शान्तिसुरक्षा कायम गर्न नसकेको, अन्तर्राष्ट्रिय तत्त्वलाई प्रोत्साहन दिएको, कोरा आर्थिक नीति अपनाएको, जनतामा अशान्ति र दूषित वातावरण फैलाएको जस्ता आरोप लगाउँदै संसदीय व्यवस्थाको विघटन गरेका थिए (गौतम, २०७६ : परिशिष्ट २) ।

संसद विघटन भएको २१ दिनपछि राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाइयो । केही नेतालाई गिरफ्तार गरियो । राजाको कदमलाई समर्थन गरेका नेताहरूबाहेक सबैजसो दलका जिम्मेवार नेतालाई जेल हालियो भने जेलबाहिर रहेका पनि कोही निर्वासित र कोही भूमिगत भएका थिए । सुविधाजनक स्थिति प्रतिकूल अवस्थामा परिवर्तित भएपछि समन्वयवादी र संघर्षशील पक्षका बीच मतभेद चर्किन गयो (रावल, २०४७) । परिवर्तित परिस्थितिमा पार्टीलाई कसरी अगाडि बढाउने हो भन्ने सम्बन्धमा छलफल गरी निष्कर्षमा पुग्नको निम्ति पार्टीका बैठक बस्नुपर्ने थियो । नेपालभित्र त्यस्तो बैठक बस्नसक्ने अवस्था थिएन । शाही कदम हुँदाका बखत नेकपाका महामन्त्री केशरजंग रायमाझी र पोलिटब्यूरो सदस्य कमर शाह मस्कोमा आयोजित अन्तर्राष्ट्रिय कम्युनिष्ट सम्मेलनमा भाग लिन गएकोले पोलिटब्युरोका पुष्पलाल, तुलसीलाल र डी.पी.अधिकारी मात्र काठमाडौँमा थिए । पाँच सदस्यीय पोलिटब्यूरोमध्ये काठमाडौँमा रहेका उपर्युक्त तीन जनाको बैठकले पुस

१ को घटनालाई बिरोध गर्ने र जनअधिकारको निम्ति सङ्घर्ष गर्ने निर्णय गरेको थियो । तर केशरजंग रायमाझी मस्कोबाट फर्केर काठमाडौं पनि नआई दरभङ्गामा बसेर पोलिटब्यूरोको उक्त निर्णय विपरीत राजाको कदमलाई समर्थन गरेका थिए (पुष्पलाल, २०५३) । उनले जारी गरेको वक्तव्यमा पार्टीमाथिको प्रतिबन्ध हटाउने, राजबन्दी रिहाई र मौलिक अधिकारको माग गरिए पनि विघटित संसदका बारेमा कुनै विशेष कुरा अघि सारिएको थिएन (रावल, २०४७) । रायमाझीको वक्तव्य पार्टीभित्र मतभेद ल्याउने अर्को अस्त्र बन्यो । त्यसैले अलि ठूलो दायरामा छलफल गरी पार्टी नीति तय गर्न पोलिटब्यूरोले भारतको दरभङ्गामा केन्द्रीय प्लेनम (विस्तारित बैठक)को आयोजना गऱ्यो । २४ जिल्लाका ५४ प्रतिनिधि र केन्द्रीय समितिका १४ जनाको सहभातिामा २०१७ सालको फागुन-चैतमा करिब एक महिना चल्यो (के.सी., २०६५) । त्यस प्लेनममा संसदीय व्यवस्थाको पुनर्स्थापनाका निम्ति सङ्घर्ष गर्ने, विघटित संसद्कै पुनर्स्थापनाका लागि सङ्घर्ष गर्ने र विधानसभाका निर्वाचनका निम्ति सङ्घर्ष गर्ने गरी तीन किसिमका कार्यनीतिक कार्यदिशा प्रस्तुत भएका थिए । त्यसरी प्रस्तुत गर्नेमा क्रमश केशरजङ्ग रायमाझी, पुष्पलाल र मोहनविक्रम सिंह रहेका थिए ।

एक महिनासम्म चलेको प्लेनम बैठकमा प्रस्तुत भएका विचारमाथि गम्भीरतापूर्वक छलफल भएको पनि ठोस निर्णय गर्न सकेन । वरु नौ महिनाभित्र तेस्रो महाधिवेशन गरी राजनीतिक लाइनको टुङ्गो गर्ने निर्णय गऱ्यो । राजनीतिक हिसावले निकै गम्भीर मोडमा रहेको अवस्थामा त्यति लामो समय बसेको बैठकले ठोस निर्णय गर्न नसक्नु पार्टीको असफलता थियो । प्लेनमले राजाको कदमलाई समर्थन गरेकोमा कडा आलोचना गर्दै केशरजंग रायमाझीलाई महामन्त्रीबाट हटाई शम्भुराम, डि.पी.अधिकारी र केशरजंग रहेको तीन सदस्यीय सेक्रेटेरीयटको गठन गऱ्यो (पुष्पलाल, २०५३) । जुन सेक्रेटरियटले पनि जथाभावी सम्झौता गर्न नपाओस् भनी त्यस सेक्रेटेरियटलाई कुनै एक पि.बि.एम.को अधिकारभन्दा बढ्ता अधिकार नदिने निर्णय भयो । उसको मुख्य काम ५ वटा जोनहरूको काममा सामञ्जस्य ल्याउने रहेको थियो । सेक्रेटेरियटका तीनजनामध्ये १ जना यतै बसी शवहेड क्वार्टर खोल्ने र निजले नै पश्चिम कोशी जोनको इन्चार्जसमेत भएर काम गर्ने निर्णय भएको थियो (भुसाल, २०७०) । यसरी हेर्दा दरभङ्गा प्लेनम नेताहरूबीच अविश्वास र शङ्काको वातावरणमा सम्पन्न भएको थियो ।

दरभङ्गा प्लेनमले ठोस निर्णय गर्न नसके पनि जे जस्ता निर्णय गरेको थियो तीनको समेत कार्यान्वयन हुन सकिरहेको थिएन । केशरजङ्ग रायमाझीले दरबारसँगको सम्बन्धलाई निरन्तरता दिइरहेका थिए । केशरजङ्ग रायमाझीको व्यवहारले गर्दा उनको नेतृत्वमा रहेको केन्द्रीय कमिटीका विरुद्ध विद्रोह गर्ने र तेस्रो महाधिवेशन गर्न योजना बनाउने गरी वाटो तय गर्नथाले (सिंह, २०४९) । पार्टी महाधिवेशनको आयोजना गर्नुपर्नेमा सचिवालय त्यसतर्फ क्रियाशील देखिएन । त्यसको सट्टा बिस्तारै पार्टी नै विभाजनतर्फ अग्रसर बन्दै गयो । पार्टीभित्रको एउटा समूह महाधिवेशन गर्ने कुरामा सहमत हुन नसकेपछि त्यसको विकल्प खोज्न थाल्यो । त्यहीक्रममा दरभङ्गा प्लेनमद्वारा निर्धारित पाँचवटै जोन(क्षेत्र)का प्रतिनिधिहरू जम्मा भएर २०१८ सालको भाद्र महिनामा अन्तरजोन सामञ्जस्य समितिको गठन भयो । त्यसको गठन पार्टीको बहुसङ्ख्यक सदस्यहरूको प्रतिनिधित्व हुनेगरी विभिन्न जिल्लाहरूको सक्रियतामा भएको थियो । त्यसैबिच दरभङ्गामा पश्चिम कोसी जोन र नक्सलबाडीमा पूर्वकोसी जोनका बैठकहरू भएका थिए । ती बैठकमा पार्टी महाधिवेशनको माग भयो । त्यतिबेला नेकपामा कमसेकम एकतिहाई सदस्यद्वारा तलबाट महाधिवेशनको माग भइआएमा आयोजना गर्न सकिने प्रावधान रहेको थियो । सोहीअनुसार पाँचवटा जोनका प्रतिनिधिहरूले महाधिवेशनको माग गरेको हुँदा २०१९ वैशाख ४-१५ सम्म बनारसमा नेकपाको एउटा पक्षले पार्टीको तृतीय

महाधिवेशनको आयोजना गऱ्यो । जुन दरभङ्गा प्लेनमपछिको पहिलो महाधिवेशन बन्न पुग्यो । जहाँ केशरजंग रायमाझी लगायतका नेताहरू अनुपस्थित थिए । दरभङ्गा प्लेनमबाट सतहमा आएको सैद्धान्तिक विवादको परिणाम पार्टी फुटमा रुपान्तरीत भयो ।

## निष्कर्ष

कुनै पनि पार्टीको गठन गर्ने परिस्थिति विश्वपरिवेश र देशको आवश्यकतामा भरपर्ने कुरा हो । विश्वमा समाजवादी आन्दोलनले झ्याली पिटिरहेको अवस्थामा नेकपा त्यसैको वरिपरि रहेर गठन भएको थियो । नेकपा गठनपछि देशभित्र एकखालको तरङ्ग सृजना गरेको थियो । जनताले राजनीतिक दल छान्ने आधार भनेको त्यसले लिएको नीति नै हो । विश्वमा मार्क्सवादी दर्शनको प्रचारप्रसार एउटा देशको क्रान्तिबाट अर्को देशले सिक्नेक्रम बढेर गएको थियो । नेकपा समाजवादी क्रान्तिमा विश्वास गर्दथ्यो र दिल्ली सम्झौतालाई धोका भन्यो, केआई सिहको विद्रोहलाई समर्थन गऱ्यो । शक्तिका हिसावले निर्णायक नभए तापनि शैली हुँकार गर्ने खालको थियो । त्यसैले २००८ देखि २०१३ सालसम्म प्रतिबन्धित हुन पुग्यो । राजाको वैधानिक नायकत्वमा प्रचलित कानुनको अधिनमा रही समाजवादी सिद्धान्तको प्रचार गर्ने भनि लिखित वक्तव्य दिएपछि सरकारले पार्टीमाथिको प्रतिवन्ध हटायो । त्यसपछि नै २०१५ सालको निर्वाचनमा भाग लिने वातावरण बनेको थियो । राजनीति देश र जनतालाई केन्द्रबिन्दु मानेर गर्नु पर्नेमा नेका नेतृत्व सरकारले त्यो कुरामा हेक्का राख्न सकेन । फलतः राजाले सत्ता हातमा लिनुपर्ने अवस्थामा पुऱ्यायो । नेकपाले राजनीतिक परिस्थितिको भन्दा पनि राजाको विरोध गर्ने कुरालाई प्रमुख विषय बनाउदा विवाद चर्कियो । फलत दरभङ्गा प्लेनम कम्युनिस्ट पार्टी विभाजनको लक्ष्मण रेखा बन्न पुग्यो । कति नेताका लागि सँगै गरिएको रूपमा यो बैठक नै अन्तिम बन्यो त्यसपछि कहिल्यैसँगै भएको अवस्था रहेन ।

## सन्दर्भ सामग्री


अधिकारी, सूर्यमणि (२०७१), *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,* निराला पब्लिकेसन्स् ।

के.सी., सुरेन्द्र (२०६५), *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास* (पहिलो भाग), विद्यार्थी पुस्तक भण्डार ।

गौतम, राजेश (२०५५), *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस* (भाग १), श्रीराम श्रेष्ठ र कृष्णमुरारी अधिकारी ।

... (२०७५), *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस* (भाग २), भुँडीपुराण प्रकाशन ।

... (२०७६), *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस* (भाग ३), भुँडीपुराण प्रकाशन ।

गुरुङ, मोहनध्वज (सन् २०००), *नोट्स अन द कम्युनिस्ट मुभमेन्ट इन नेपाल,* नेपाल साहित्य केन्द्र ।

देवकोटा, गृष्मबहादुर (२०५८), *नेपालको राजनीतिक दर्पण* (भाग १), ध्रुर्व बहादुर देवकोटा ।

नेपाल, जगत (२०८१) पहिलो संसद, फाइनप्रिन्ट ।

पुष्पलाल, (२०५३), *नेपाल कम्युनिस्ट पार्टी : दस्तावेज सङ्ग्रह* (भाग १), पुष्पलाल स्मृति प्रतिष्ठान ।

भुसाल, बेदुराम (संम्पा.) (२०७०), *पुष्पलाल छानिएका रचना* (भाग १), पुष्पलाल स्मृति प्रतिष्ठान ।

... (संम्पा.) (२०७३), *पुष्पलाल छानिएका रचना* (भाग १), पुष्पलाल स्मृति प्रतिष्ठान ।

मानन्धर, त्रिरत्न, शर्मा, निरञ्जन (२०५३), *आधुनिक नेपालको राजनीतिक इतिहास,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

रायमाझी, केशरजंग (२०५९), *केही सम्झना केही चिन्तन,* श्रीमती बनिता पाण्डे ।

रावल, भीम (२०४७), नेपालमा साम्यवादी आन्दोलन उद्‌भव र विकास, पैरवी प्रकाशन ।

सिंह, मोहनविक्रम (२०४९), चार दशक (चार दशकको विवाद, विरोध र संघर्षको राजनीति), विमल शर्मा जनसाहित्य प्रकाशन ।